ईन्द्रावती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नवलपुर, सिन्धुपाल्चोक

३ नं. प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति २०७५/०७/१६

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (१), घ (२), घ (६) समेतमा भएको व्यवस्था, ईन्द्रावती गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तथा यस गाउँपालिकाको गाउँ सभाको निर्णयानुसार देहायका शीर्षकहरुमा राजस्व असूली सम्बन्धी काम आ.व. २०७५/७६ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। अन्य थप जानकारीका लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**आन्तरिक आय ठेक्का विवरण**

| आय ठेक्का नं. | आयको विवरण | आ.व.०७५/७६ को लागि निर्धारण ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा घाटगद्दी एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) संकलन तथा विक्री परिमाण (घनफिटमा) | आ.व.०७५/७६ को लागि निर्धारण ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा घाटगद्दी एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) संकलन शुल्क रु ३ तथा विक्री शुल्क रु ६ गरी जम्मा प्रति घनफिट | ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा घाटगद्दी एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) संकलन तथा विक्री शुल्क वापत हुने कुल न्यूनतम अंङ्क (कर तथा भ्याट बाहेक) | वोलपत्र फाराम दस्तुर | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|---|
| IRMSI/075-76/01 | ईन्द्रावती गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने ईन्द्रावती नदी क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा घाटगद्दी एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) | ६१,२५,१४६.५६ /- | रु ९/- | रु ५,५१,२६,३१९/- | रु ५,०००/- | मू.अ.कर सहित कुल कबोल अंङ्कको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत |

**ठेक्का सम्बन्धी शर्तहरु :-**

१. माथि उल्लेखित ठेक्काको लागि वोलपत्र फाराम खरिद गरी भरी पेश गर्नु पर्नेछ।

२. ठेक्का अवधी आ.व. २०७५/०७६ आषाढ मसान्त सम्म रहनेछ। तर ठेक्कामा माल समानको परिमाण एकिन भएको र परिमाण अनुसार नै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पूरा गरी उक्त परिमाण सो भन्दा कम अवधीमा पनि विक्री निकासी गर्न सकिनेछ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ती दावी गर्न पाईने छैन। IEE प्रतिवेदनले निषेध गरेको अवधी तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ।

३. माथि उल्लेखित ठेक्काको कबोल अंङ्कको थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ।

४. धरौटी बापत कबोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको मेगा बैंक नेपाल लिमिटेड, नवलपुर स्थित बैंक धरौटी खाता नं. १०००१०००८४९५ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

५. प्रचलित ऐन बमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रीम रुपमा बुझाएमा ५ प्रतिशत सम्म रकम छुट दिन सकिनेछ। तर नियमानुसार लाग्ने मू.अ.कर प्रयोजनको लागि भने छुट दिइनेछैन। बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको मेगा बैंक नेपाल लिमिटेड, नवलपुर स्थित आम्दानी खाता नं. १०००१०००८५२७ मा दाखिला गर्नुपर्नेछ।

६. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

८. ठेक्कामा कुनै विवाद भएमा ईन्द्रावती गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

९. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले १४ औं दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी १५ औं दिनको १२:०० बजे अर्थात मिति २०७५/०७/३० को १२:०० बजे भित्र यस कार्यालयमा वोलपत्र फाराम खरिद गरी सिधै शिलबन्दी बोलपत्र वा http://www.bolpatra.gov.np/egp बाट E- Bidding मार्फत पेश गर्न सकिनेछ। प्राप्त बोलपत्रहरु सोही दिन दिनको २:०० बजे ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ।

१०. बोलपत्र फाराम खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश: सो को भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ।

११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ।

१२. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन।

१३. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ।

विनोद रोका

प्रमुख प्रशासकीय अधिकृत

**आय ठेक्का सम्बन्धी अन्य शर्तहरु :**

१. बुँदा नं. ५ बमोजिम एकमुष्ठ रकम नबुझाएमा कूल कबोल अङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी मू.अ.कर रकम सहितको ठेक्का अवधी सम्मका ईन्द्रावती गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ मा व्यवस्था भएको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैंकको जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पूर्जी दिइनेछ ।

२. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ ।

| किस्ता | किस्ता बुझाउँनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अंङ्को २५ प्रतिशतले हुन आउँने रकम । |
| दोश्रो | २०७५ साल पौष मसान्त भित्र | कबोल अंङ्को ४० प्रतिशतले हुन आउँने रकम । |
| तेश्रो | २०७६ आषाढ मसान्तसम्म | कबोल अंङ्को बाँकी ३५ प्रतिशत रकम । |

३. ठेक्का कबोल गर्ने ठेकेदारले ईन्द्रावती गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

४. माथि शर्त नं. ३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा ईन्द्रावती गाउँपालकामा बुझाउँनुपर्नेछ ।

५. ठेकेदारले उठाउने कर शुल्क कार्यालयद्वारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।

६. ठेक्कामा कुनै विवाद भएमा ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ ।

७. ईन्द्रावती गाउँपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिनेछैन ।

८. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, रोडा, रातोमाटो, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन ।

९. जमानी वापत बोलपत्रमा आफूले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

१०. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा क वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन ।

११. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१२. ईन्द्रावती गाउँपालिकाको विकास निर्माण कार्यक्रम संचालन गर्ने क्रममा गाउँपालिका स्वयम् वा अमानतमा सवारी साधन मार्फत वर्ष दिन भरी प्रयोग गरेको ढुङ्गा, गिटी वालुवा, ग्राभेल, रोडा, रातोमाटो, आदि र विदेशी दातृ निकायसँग भएको कर छुट सम्बन्धी सम्झौता भई संचालन हुने आयोजनामा ठेकेदारले कुनै कर लिन पाउने छैन ।

१३. प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१४. ईन्द्रावती गाउँपालिका भित्रका नदी, नालाबाट ढुंगा, गिट्टी, वालुवा, निकाली विक्री तथा निकासी गर्ने क्रममा गाउँपालिका भित्रका पक्की पूलको तल माथि १००० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी विक्री तथा निकासी गर्न कानूनले पूर्णरुपमा प्रतिवन्ध लगाएको हुँदा कर संकलकले सो कुरालाई पूर्णरुपमा ध्यान दिनु पर्नेछ । ढुंगा, गिट्टी, वालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्साङ्कन गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन गर्न पाईनेछ ।

१५. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ ।

१६. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

१७. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ ।

१८. बोलपत्र फारम नियमानुसारको राजस्व रकम तिरी ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालय, नवलपुर, सिन्धुपाल्चोकबाट खरिद वा PPMO को वेभसाइट मार्फत डाउनलोड गरी पेश गर्न सकिनेछ ।

१९. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समिति, ईन्द्रावती गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

२०. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

२१. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

ईन्द्रावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपुर, सिन्धुपाल्चोक

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

ईन्द्रावती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नवलपुर, सिन्धुपाल्चोक

३ नं. प्रदेश, नेपाल

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृ

**आय ठेक्का नं.:– IRMSI/2075-76/01**

**आय ठेक्का शीर्षक:– ईन्द्रातवी गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने ईन्द्रावती नदी क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा घाटगद्दी एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) ।**

## वोलपत्र फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, मिति : ....................................
ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालय
नवलपुर, सिन्धुपाल्चोक ।

विषय : बोलपत्र पेश गरेको बारे ।

तहाँ कार्यालयको मिति ......................................को शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार म्यादभित्र तोकिए बमोजिमको फाराममा बोल अङ्क खुलाई देहायको कामको शिलबन्दी बोलपत्र पेश गरेको छु । बोल अङ्कको ५% धरौटी बापतको रकम ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालयको मेगा बैंक नेपाल लिमिटेड, नवलपुर स्थित धरौटी खाता नं. १००००१०००८४९५ मा ................................................................................................ बैंक लि. ........................................को मिति ............................................ सम्म म्याद भएको बीड बण्ड काम सम्पन्न भएपछि वा ठेक्का अस्वीकृत भएपछि फिर्ता पाउने गरी रु............................................को सक्कलै बैंक भौचर/बीड बण्ड यसैसाथ संलग्न राखी तपशिल बमोजिमको ठेक्का विवरण उल्लेख गरी पेश गरेको छु ।

**ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा घाटगद्दी एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) संकलन तथा विक्री शुल्क वापत हुने कुल न्यूनतम अंङ्ग (भ्याट बाहेक) जम्मा रु ५,५१,२६,३१९/-**

| ठेक्का विवरण | कुल कवोल जम्मा | | ५ प्रतिशत धरौटी रकम |
|---|---|---|---|
| | अङ्कमा | अक्षरमा | |
| | | | |

**संलग्न कागजातहरु :-**

१..................................................................
२..................................................................
३..................................................................
४..................................................................
५..................................................................

**निवेदक**

दस्तखत :
नाम, थर :
फर्म वा कम्पनीको नाम :
ठेगाना :
सम्पर्क नं. :